nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १३८ पृष्ठ ४ । बुधबार ०७ माघ २०८२ । WEDNESDAY, JANUARY 21, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## म मधेशको छोरो हुँ र मधेशको अधिकार र हितका लागि सदैव लडिरहन्छु : प्रदिप यादव



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०६ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रदीप यादवले आगामी प्रतिनिधिसभा सदस्य पदको लागि आफ्नो उम्मेदवारी दर्ता गरेका छन् । दर्तापछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै यादवले भने, “म मधेशको छोरो हुँ । मधेश र मधेशीको अधिकार, विकास र सम्मानको लागि सदैव लडिरहेको छु । जुन पार्टीमा भए पनि, जनताको भलो र मधेशको हितका लागि काम गर्ने मेरो प्रतिबद्धता अडिग छ । म जय मधेश, लाल सलाम भन्छु र जनता र मधेशको भलोका लागि उम्मेदवार बनेको छु ।” प्रदीप यादवले आफ्नो राजनीतिक यात्रा र योगदानलाई सम्झँदै भने, “मैले संसद्मा मधेशका प्रमुख मुद्दा उठाएँ । क्षेत्रका शिक्षा, स्वास्थ्य, सडक, पुल, नारायणी र सिर्सिया नदी सरसफाइ, मन्दिर-मस्जिद र सामुदायिक विकासका परियोजनामा सक्रिय भूमिका खेलेँ । मैले धेरै पूरा गरें र अझै धेरै गर्न बाँकी छ । यसपालि पनि मेरो मुख्य लक्ष्य जनता र मधेशको हकहित सुनिश्चित गर्नु हो । उनले थपे, “म मधेशी युवा र स्थानीय जनतालाई सशक्त बनाउने, क्षेत्रीय विकासका योजना अघि बढाउने र मधेशको गौरव संसद्मा फर्काउने अभियानमा समर्पित छु । यो केवल चुनाव मात्र होइन, मधेशको भविष्यको लागि अभियान हो ।” विश्लेषकहरूले प्रदीप यादवको उम्मेदवारीलाई मधेशी नेतृत्व र स्थानीय विकासको लागि प्रेरणादायक संकेतको रूपमा मूल्यांकन गरेका छन् । उनका समर्थकहरू विश्वास व्यक्त गर्छन् कि यादवको सक्रियता र अनुभवले पर्सा-१ मा मधेशी अधिकार र विकासका मुद्दा बलियो बनाउनेछ ।

## पर्सा-१ र २ मा जसपा नेपालका यादव र टेमानीको मनोनयन दर्ता



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०६ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनता समाजवादी पार्टी (जसपा) नेपालका तर्फबाट पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा रामनरेश यादव र क्षेत्र नम्बर २ मा अशोक टेमानीले उम्मेदवारी दर्ता गराएका छन् । मंगलबार बीरगन्जस्थित जिल्ला समन्वय समितिको कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा पुगेर दुवै नेताले आ-आफ्नो मनोनयन पत्र दर्ता गराएका हुन् । मनोनयन दर्तापछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै पर्सा-१ का उम्मेदवार तथा जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादवले पार्टी सुरुदेखि नै जनताको हकहित र मधेसका अधिकारका लागि संघर्ष गर्दै आएको बताए । जेन-जी युवाहरूले उठाएका मागहरू जसपाले पहिलेदेखि नै उठाउँदै आएको दाबी गर्दै उनले युवा र आम मतदाताले पार्टीको चुनाव चिह्न ‘छाता’मा मतदान गर्ने विश्वास व्यक्त गरे । यादवले संघीयताको रक्षा र मधेसका बाँकी अधिकार स्थापित गर्न जसपा नेपाललाई मतदान गर्न मतदातासँग आग्रह गरे । साथै उनले यसअघि पर्सा-१ बाट निर्वाचित सांसदले जनताको पक्षमा काम नगरी अधिकांश समय मन्त्रालय केन्द्रित गतिविधिमा बिताएको आरोप लगाए । यसैगरी पर्सा-२ बाट उम्मेदवारी दिएका उद्योगी तथा जसपा नेपालका केन्द्रीय सदस्य अशोक टेमानी पहिलो पटक प्रत्यक्ष निर्वाचनमा सहभागी भएका हुन् । जसपा नेपालले पर्सा जिल्लाका तीन निर्वाचन क्षेत्रमा उम्मेदवार टुंगो लगाइसकेको जनाएको छ । पार्टीका अनुसार पर्सा-१ बाट जिल्ला अध्यक्ष रामनरेश यादव, पर्सा-२ बाट अशोक टेमानी र पर्सा-४ बाट शिक्षाविद् डा. कृपासिन्धु चौधरी उम्मेदवार चयन भएका छन् । डा. चौधरी हालै नेपाली कांग्रेस परित्याग गरी जसपा नेपालमा प्रवेश गरेका थिए ।पर्सा निर्वाचन क्षेत्र नम्बर ३ को उम्मेदवार भने भोलि टुंगो लाग्ने पार्टीले जानकारी दिएको छ । निर्वाचन आयोगका अनुसार आज साँझ ५ बजेसम्म देशभरका १६५ निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गर्न सकिने व्यवस्था छ । विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले मनोनयन दर्ता गर्ने क्रम जारी रहेको आयोगले जनाएको छ ।

## पर्सा निर्वाचन नोमिनेशनका लागि उच्च सुरक्षा सतर्कता




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०६ माघ ।**

पर्सामा निर्वाचनसम्बन्धी गतिविधि बढेसँगै नोमिनेशन प्रक्रियालाई लक्षित गर्दै सुरक्षा व्यवस्था कडा पारिएको छ । निर्वाचन कार्यालय रहने स्थानलाई सुरक्षा संवेदनशील क्षेत्र घोषणा गर्दै व्यापक सुरक्षाकर्मी परिचालन गरिएको छ । जिल्ला समन्वय समिति पर्साको परिसर तथा आसपासका क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको ठूलो संख्यामा परिचालन गरिएको छ ।

सोही परिसरमा निर्वाचन क्षेत्र नम्बर १ र २ का निर्वाचन कार्यालय सञ्चालनमा रहेकाले सुरक्षामा विशेष ध्यान दिइएको छ । प्रवेश-निष्कासनमा कडाइ गरिएको छ भने नोमिनेशनका क्रममा हुन सक्ने कुनै पनि अवाञ्छित गतिविधि रोक्न निगरानी बढाइएको छ । सुरक्षा संवेदनशील बिन्दुहरूमा थप सुरक्षाकर्मी खटाइएका छन् ।

पर्साका प्रहरी प्रमुख सुदिपराज पाठकले नोमिनेशनलाई शान्तिपूर्ण, सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गराउन सुरक्षा योजना अनुसार कडा व्यवस्था गरिएको जानकारी दिए । उनका अनुसार प्रहरी र सशस्त्र प्रहरी उच्च सतर्कतामा परिचालित छन् । सुरक्षा निकायका अनुसार नोमिनेशन अवधिभर निर्वाचन कार्यालय वरपरको सुरक्षा व्यवस्था यथावत् राखिने जनाइएको छ ।

## पर्सा-१ मा रूङटा र पर्सा-२ मा चौरसियाको मनोनयन दर्ता



**बीरगन्ज,०६ माघ ।**

नेपाली कांग्रेसका तर्फबाट पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा अनिल रूङटा र क्षेत्र नम्बर २ मा अजयकुमार चौरसियाले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मंगलबार बीरगन्जस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर दुवै नेताले मनोनयन पत्र दर्ता गराएका हुन् । मनोनयन दर्ताका क्रममा पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूको ठूलो जुलुससहित उत्साहपूर्ण उपस्थिति देखिएको थियो । व्यावसायिक पृष्ठभूमिका अनिल रूङटा दोस्रो संविधानसभा निर्वाचनमा समानुपातिक प्रणालीमार्फत सांसद निर्वाचित भएका थिए । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा उनी पर्सा-१ बाट तत्कालीन संघीय समाजवादी फोरम नेपालका उम्मेदवार प्रदीप यादवसँग पराजित भएका थिए । पछिल्लो निर्वाचनमा समानुपातिक सूचीमा सिफारिस भए पनि संसद् प्रवेश गर्न सकेका थिएनन् । पर्सा-२ बाट उम्मेदवारी दिएका अजयकुमार चौरसिया यसअघि सोही क्षेत्रबाट निर्वाचित सांसद हुन् । पूर्वकानुनमन्त्रीसमेत रहेका चौरसिया यो निर्वाचनसहित पाँचौं पटक संसदीय चुनावी प्रतिस्पर्धामा उत्रिएका हुन् । मनोनयन दर्तापछि सञ्चारकर्मीसँग कुरा गर्दै अनिल रूङटाले पर्सा-१ को विकास, अमन-शान्ति र देशको समृद्धिका लागि आफूले उम्मेदवारी दिएको बताए । नेपाली कांग्रेस एकताबद्ध भएर अघि बढिरहेको दाबी गर्दै उनले नयाँ पुस्ताको नेतृत्वमा पार्टी भएकाले पर्सासहित देशभर कांग्रेसका उम्मेदवारले जनताको समर्थन पाउने विश्वास व्यक्त गरे

## दुर्गा प्रसाईं हाजिरी जमानीमा रिहा

**काठमाडौं,०६ माघ ।**

मेडिकल व्यवसायी तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई हाजिरी जमानीमा रिहा गरिएको छ । सोमबार पोखराबाट पक्राउ गरेर काठमाडौं ल्याइएको प्रसाईंलाई जिल्ला सरकारी वकिल कार्यालयले हाजिरी जमानीमा छोड्ने आदेश दिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईका अनुसार प्रसाईंलाई आदेशपछि तत्काल रिहा गरिएको छ । प्रसाईंमाथि निर्वाचन आयोगले कांग्रेसको विशेष महाधिवेशन पक्षलाई वैधता दिएको र ५२ करोड रुपैयाँ अनियमित छ ।

## रास्वपाबाट बारा-४ मा रहबर अन्सारीको उम्मेदवारी दर्ता



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०६ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट रहबर अन्सार ीले बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट आगामी प्रतिनिधिसभा निर्वाचनका लागि आफ्नो उम्मेदवारी दर्ता गर ाएका छन् । मंगलबार उनले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोनयनपत्र दर्ता गरेका हुन् । पर्सा-१ स्थायी ठेगाना भएका अन्सारीले बारा-४ बाट निर्वाचनमा होमिनु भएको हो । उनी यसअघि नेकपा (माओवादी केन्द्र) को केन्द्रीय सदस्य रहिसकेका छन् भने पर्सा-१ (ख) बाट प्रदेशसभा सदस्यसमेत निर्वाचित भएका थिए । साथै, अन्सारीले करिब डेढ वर्षअघि मधेश प्रदेश सरकारमा वन, उद्योग तथा पर्यटन राज्यमन्त्रीको जिम्मेवारी पनि सम्हालिसकेका छन् । अन्सार ीको उम्मेदवारीका लागि शालिकर ाम अधिकारी प्रस्तावक र युवर ाज न्यौपाने समर्थक रहेका छन् । उनको उम्मेदवारीसँगै बारा-४ को चुनावी प्रतिस्पर्धा थप रोचक बनेको छ ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय


## निर्वाचन आचारसंहिता

लोकतान्त्रिक प्रणालीमा निर्वाचन नै देशको भविष्य निर्धारण गर्ने मुख्य माध्यम हो । आवधिक निर्वाचनमा प्रतिनिधिमार्फत जनइच्छा जाहेर भई संस्थागत हुन्छ र त्यो पवित्र हुनु पर्छ । देश अहिले निर्वाचनको सँघारमा छ । राजनीतिक दल तथा उम्मेदवार आगामी महिनामा हुने प्रतिनिधि सभा निर्वाचनका लागि सघन गृहकार्यमा छन् । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउन सरकार र निर्वाचन आयोगले तयारी तीव्र बनाएका छन् । जनमतलाई गलत तौरतरिकाले प्रभावित पार्ने कार्यले लोकतान्त्रिक प्रक्रिया नै प्रदूषित हुन्छ । त्यसैले निर्वाचन आयोगले आगामी प्रतिनिधि सभा तथा आसन्न राष्ट्रिय सभाको निर्वाचनलाई दृष्टिगत गरी निर्वाचन आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याएको हो । आउँदो फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि आइतबार राति १२ बजे अर्थात् माघ ५ गतेदेखि निर्वाचन आचारसंहिता लागु भएको छ । राजनीतिक दल तथा सर्वसाधारण सबैको सुझावसहितका आधारमा निर्वाचन आचारसंहिता तयार पारिएको थियो । निर्वाचन आयोगको निर्णय अनुसार आचारसंहिता लागु भएको हो । राष्ट्रिय सभा निर्वाचनसमेतका लागि आचारसंहिता लागु गर्नुपर्ने अवस्थाका कारण यस पटक केही छिटो आचारसंहिता लागु भएको आयोगले स्पष्ट पारेको छ । आयोगको अर्को सूचनाले खारेज नगरेसम्म आचारसंहिता लागु हुने छ । आचारसंहिता कार्यान्वयनमा आएपछि अब निर्वाचनका गतिविधि मर्यादित हुनुपर्ने छ । सूचना, प्रविधि तथा सामाजिक सञ्जालसमेतका कारण आचारसंहिता बनाई लागु गर्नु स्वयम्मा चुनौतीपूर्ण छ । त्यसैले पनि आचारसंहिता लागु गर्नुअघि आयोग पदाधिकारीले सरोकारवाला सबै पक्षलाई आचारसंहिता तयारीदेखि पालनाका विषयमा जानकारीसमेत गराइसकेका छन् । आयोगले राजनीतिक दलका प्रतिनिधिसँग कार्यान्वयन प्रतिबद्धतासमेत लिइसकेको छ । यस पटक आयोगले विभिन्न चरणमा परामर्शसमेत गरेको थियो । त्यसले आचारसंहिता कार्यान्वयनमा सहज हुने आयोगको अपेक्षा छ । आचारसंहिता राजनीतिक दल तथा उम्मेदवारलाई मात्र लागु हुन्छ भन्ने अर्थमा बुझ्नु हुँदैन । आचारसंहिता देशभर लागु हुन्छ । तिनै तहको सरकार परिपालक हुने छन् । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै अर्धसरकारी संस्था एवं कर्मचारी, संवैधानिक निकाय, सुरक्षा निकाय र निर्वाचनमा संलग्न कर्मचारीलाई समेत लागु हुने छ । त्यसै गरी राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित व्यक्तिलाई आचारसंहिता सघन रूपमा लागु हुने छ । सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चार कर्मी र अनुगमनकर्ता तथा पर्यवेक्षकलाई पनि आचारसंहिता लागु हुने छ । निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी, विकास साझेदार संस्था, सामुदायिक विद्यालय, विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीलाई पनि आचारसंहिता लागु हुने छ ।

प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारीलाई आचारसंहिता लागु हुने व्यवस्था छ । निर्वाचन आचारसंहिता विगतका निर्वाचनमा पनि कार्यान्वयनमा ल्याइने गरेकै थियो तर कार्यान्वयनमा भने कमीकमजोरी देखापर्ने गरेका थिए । आचारसंहिता छलेर कार्य भएका गुनासा व्यापक थिए । खास गरी निर्वाचनमा पद र पैसाको दुरुपयोग हुने गरेको थियो । धेरै पैसा खर्च गरेर चुनाव जितेको प्रतिनिधिले पदमा पुगेपछि जनसेवा गर्छ वा आफूले गरेको खर्च उठाउनतिर लाग्छ भन्ने स्पष्टै छ । भदौ २३ र २४ गतेको नवपुस्ता विद्रोहको मर्मलाई आचारसंहिताको प्रभावकारी कार्यान्वयनले मात्र सम्बोधन गर्न सक्छ । जेनजी विद्रोहको सन्देश सुशासन हो । भ्रष्टाचार मुक्त समाज हो । निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित हुन सके मात्र सुशासनको बाटो खुल्छ ।

भ्रष्टाचारमुक्त समाज निर्माणतिर देश अगाडि बढ्न सक्छ । त्यसैले पनि यो निर्वाचनमा आयोगले आचारसंहितालाई दण्डात्मक बनाएको छ । निर्वाचनमा कतिपय संस्थाले समेत अन्यथा प्रभाव पार्न सक्नेतिर ध्यान दिइएको छ । त्यसैले यो पटकको निर्वाचनमा आयोगले विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई समेत आचारसंहिता कार्यान्वयनको क्षितिजभित्र पारेको छ । त्यसै गरी निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदारलाई पनि आचारसंहिता लागु हुने छ । त्यति मात्र होइन, वस्तु तथा सेवाप्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलाई समेत आचारसंहिताभित्र पारिएको छ । विगतका कमीकमजोरी सुधार गरेका कारण पनि आचारसंहिताको प्रभावकारिता बढ्ने अपेक्षा छ ।

# राजनीति सेवा कि पेसा ?



**सम्झना देउजा**

राजनीति सेवा हो कि पेसा ? आजको नेपाली राजनीतिको यो एक गम्भीर प्रश्न हो । पछिल्ला दशकमा देखिएको अभ्यासले राजनीति क्रमशः 'पेसा' बन्दै गएको आभास हुन्छ । सत्ता, सुविधा र व्यक्तिगत लाभ राजनीतिका मुख्य प्रेरणा बनेका छन् । त्यसैले राजनीति जनताको जीवन बदल्ने साधन होइन, केही व्यक्तिको निजी पेसा बनिरहेको छ । तर, वास्तवमा राजनीति पेसा हुनुहुँदैन, होइन । यो समाज रूपान्तरणको जिम्मेवारीपूर्ण माध्यम हो । अन्य उत्पादनमूलक पेसा गरेर यसलाई अल्पकालीन जिम्मेवारीका रूपमा लिए मात्रै राजनीतिले ठीक बाटो समात्नेछ । समाज परिवर्तन सधैं सत्तामै पुगेर मात्रै सम्भव हुन्छ भन्ने एक भ्रम हो । हो, नीति निर्माण र राष्ट्रलाई सुमार्गमा लैजान सत्तामा पुग्दा पक्कै सजिलो हुन्छ । तर, सबै कुरा राजनीति र सत्ता मात्रै होइन । इतिहासले देखाएको छ- सत्ता बाहिर बाट पनि समाज बदल्न सकिन्छ । नागरिक आन्दोलन, सामाजिक अभियान, बौद्धिक हस्तक्षेप, सचेत नागरिक समूह र वैकल्पिक अभ्यासले सत्ता बाहिरैबाट ठूला परिवर्तनका आधार तयार पारेका छन् । महिला अधिकार, दलित अधिकार, भूमि अधिकार, वातावरण संरक्षणजस्ता धेरै मुद्दा सत्ताको केन्द्रभन्दा बाहिर उठेका आवाजकै कारण स्थापित भएका हुन् । सत्ता त अन्तिम चरण हो, परिवर्तनको वास्तविक शक्ति समाजमै हुन्छ । हिंसात्मक आन्दोलनलाई कतिपयले छिटो परिवर्तनको उपाय ठान्छन् । तर, अनुभवले देखाएको छ- हिंसाबाट प्राप्त जित प्रायः अस्थायी हुन्छ । हिंसाले सत्ता त बदल्न सक्छ, तर प्रवृत्ति बदल्न सक्दैन । बन्दुकले शासन त उल्ट्याउन सक्छ तर सोच, संस्कार र शक्ति संरचना लोकतान्त्रिक बनाउन सक्दैन । त्यसैले हिंसात्मक आन्दोलनले ल्याएको परिवर्तनले धेरैजसो पुनः उही दुश्चक्रमा फस्ने जोखिम बोकेको हुन्छ । यतिखेर नेपालमा पनि त्यही नियति दोहोरिने स्थिति देखिनु दुःखलाग्दो छ । आजको सन्दर्भमा सबैभन्दा ठूलो आवश्यकता व्यापक सामाजिक जागरणको हो । सचेत नागरिक र तिनको जागरणबिना राजनीतिक परिवर्तन दिगो हुँदैन । जबसम्म जनता सचेत, संगठित र प्रश्न गर्न सक्षम हुँदैनन्, तबसम्म जुनै शक्ति सत्तामा पुगे पनि प्रवृत्ति उस्तै रहन्छ । पात्र फेरिए पनि प्रवृत्ति उही रहने नेपाली राजनीतिको यथार्थ यही व्यापक जागरणको अभावसँग जोडिएको छ । सचेत नागरिक नर्जुमुराएसम्म नेताहरू बदलिन्छन्, दलहरू बदलिन्छन्, तर सत्ताको प्रयोग गर्ने शैली, भ्रष्ट अभ्यास र जनताप्रतिको उदासीनता उस्तै रहन्छ । त्यसैले व्यापक नागरिक सचेतता र विवकपूर्ण निर्णय नै अहिलेको आवश्यकता हो । अबको चुनावमा दलको झन्डा र नाराभन्दा माथि उठेर उम्मेदवारको चरित्र, प्रतिबद्धता, विगतको अभ्यास र जनताप्रतिको जवाफदेहिता हेर्नु अति आवश्यक छ । दलका नाममा गलत अभ्यास स्वीकार्नु लोकतन्त्र कमजोर बनाउने कर्म हो । सचेत मतदाताबिना लोकतन्त्र खोक्रो हुन्छ । समाज परिवर्तन कुनै एक दल, एक नेता वा एक आन्दोलनको जिम्मा होइन । यो दीर्घकालीन प्रक्रिया हो, जसको आधार जनचेतना, नैतिक राजनीति र निरन्तर नागरिक दबाब हो । राजनीति पेसा होइन भन्ने बुझाइ स्थापित नगरी, सत्ता बाहिरबाट समाज बदल्न सकिन्छ भन्ने आत्मविश्वास नजगाई र व्यापक जागरणबिना दिगो परिवर्तन सम्भव छैन । यही सत्य मनन गर्नु आजको नेपाली समाजको सबैभन्दा ठूलो चुनौती र अवसर दुवै हो । भदौ २३ को आन्दोलनमा मारिएका युवाको परिवार आज पनि असह्य पीडाबाट मुक्त हुन सकेका छैनन् । होनहार युवाको मृत्युको पीडा एकातिर छ, अर्कोतिर देशको इतिहास, संघर्ष र बलिदानले बनेको अमूल्य सम्पत्ति ध्वस्त भएको छ । हाम्रो पसिना, रगत र आशाले बनाएको देशलाई जथाभावी तोडफोड गरियो । अन्ततः कसको स्वार्थका लागि ? आन्दोलनपछि उदाएको नयाँ नेतृत्व देख्दा त्यो दिन लाग्यो- अब न्याय बोल्नेछ, सत्य जित्नेछ र देश नयाँ बाटोमा हिँड्नेछ । तर, समयसँगै यथार्थले एउटा कटु पाठ सिकायो- सत्तामा अनुहार फेरिनु मात्रै समाधान रहेनछ, व्यवस्था नै रूपान्तरण हुनुपर्ने रहेछ । अझ त्योभन्दा पनि सत्तामा पुग्नेको मानसिकता फेरिनुपर्ने रहेछ । कहिलेसम्म हामी राजनीतिलाई जीविकाको साधन बनाउनेहरूको भरिया बनेर बाँच्ने ? युवाहरूले दुई दिनको फाइदाका लागि कहिलेसम्म नेताको झोले बनेर भोलिको भविष्य साटिरहने ? बुझाइ, विवेक र आत्मसम्मान कहिले जाग्ने ? ठूला-ठूला भाषण, फूलमाला र नक्कली गर्वले भरिएका खोक्रा वाचा क्षणभरमै हावामा हराउँछन् । हामी जनता, जसले उनीहरूलाई चुनेर सिंहासनमा पुऱ्यायौं, आज तिनैको चरणमा टाउको झुकाएर 'ठूलो मान्छे' भन्दै आफैंलाई गुलाम बनाइरहेका छौं । हामी कति बेरोजगार छौं भन्ने वास्तविकता चुनाव आउनु ६ महिनाअगाडि नै सुरु हुने गोष्ठी, महाधिवेशन, आमसभा र पार्टी कार्यालयमा देखिने भीडले प्रस्ट पार्छ- काम छैन, तर झन्डा बोक्न समय र ऊर्जा प्रशस्तै छ । प्रश्न झन् गहिरिँदै छ- यो राजनीतिक जञ्जालबाट कहिले मुक्त हुन्छौं ? २०७९ को

बाँकी तेश्रो पृष्ठमा⇨

# निजी क्षेत्र लक्षित नवसमावेशी अर्थव्यवस्था

**गोकर्ण अवस्थी**

राष्ट्रिय स्वतन्त्र पार्टी तथा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहबीच भएको बृहत् एकतासम्बन्धी सहमतिको प्रस्तावनाको सुरुमै एक वाक्यांश उल्लेख छ- सामाजिक न्यायसहितको उदार अर्थव्यवस्थामा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आम नागरिकका आकांक्षा सम्बोधन गर्न । नयाँ शक्तिका रूपमा अगाडि आएको रास्वपाको यस सहमतिपछि पनि मुलुकको अर्थव्यवस्थाका लागि ठोस नीति अझै सार्वजनिक भइसकेको छैन । यद्यपि प्रस्तावनाले परम्परागत पार्टीहरूजस्तै सामाजिक न्याय अर्थात् समाजवाद र खुला अर्थव्यवस्था अर्थात् पुँजीवाद- दुवैको अंश रहने गरी नीति तय हुने संकेत भने गरेको छ । यहाँ परम्परागत भन्नुको अर्थ नेपाली कांग्रेस निर्वाचनमा पछाडि पर्दा पटक-पटक अर्थमन्त्री भएका डा. रामशरण महतमाथि दबाब पर्न थालेपछि 'सामाजिक न्यायसहितको उदार अर्थव्यवस्था' भन्ने विषय अगाडि सारेका थिए । २०४६ को राजनीतिक परिवर्तनमा पनि कांग्रेसले पुँजीवाद अँगालेको भनिए पनि मिश्रित अर्थव्यवस्था नै थियो । बीपीको समाजवादको जगमा स्थापित पार्टी पुँजीवादी थिएन र हुन सक्दैनथ्यो । जनताको बहुदलीय जनवादबाट बहुलवादी व्यवस्थामा आएको नेकपा एमालेले वितरणलाई मुख्य विषय बनाई निजी क्षेत्रलाई पनि काम गर्न अवरोध गरेन । २०५१ मा पहिलो पटक सत्तामा आएको एमालेका तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले 'आफ्नो गाउँ आफैं बनाउँ' भन्ने नारासहित तीन लाख रुपैयाँ प्रत्येक स्थानीय तहमा केन्द्रले दिने निर्णय गरेपछि एमालेलाई स्थापित हुन थप बल पुगेको देखिन्छ । यसबाट हौसिएको एमालेले वितरणमुखी नीतिलाई छोड्ने कुरै भएन भने कांग्रेसलाई पनि दबाब पऱ्यो । त्यसपछि त विकृत 'सांसद विकास कोष' नामक योजना आयो, जसले वितरणलाई थप मलजल गऱ्यो । सशस्त्र द्वन्द्वबाट उदाएको माओवादीले आफ्नो आर्थिक नीति प्रस्ट्याउन सकेको देखिँदैन । अहिले धेरै घटक मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेको माओवादीको तत्काल प्रस्ट योजना आउने छाँटकाँट देखिएको छैन । विशेष महाधिवेशनबाट नेपाली कांग्रेसको सभापति बनेका गगन थापाले प्रस्तुत गरेको दस्तावेजमा पनि आर्थिक नीति प्रस्ट छैन । उनले महामन्त्री हुँदा रोजगारी बढाउनेबारे बहस चलाएका थिए । तर, रोजगारीका लागि लगानी आवश्यक हुने विषयलाई नजरअन्दाज गरिँदा उनको अभियानले त्यति गति लिन सकेको थिएन । आर्थिक सुधारको बाधक पहिल्याउने विषयमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउत अलि प्रस्ट देखिन्छन् । हालै नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको 'शान्ति स्थायित्व र समृद्धिका लागि सहकार्य' विषयक कार्यक्रममा उनले जनता र सरकार दुवैलाई समाजवाद मनपर्ने मुलुकमा निजी क्षेत्र फस्टाउन नसक्नु स्वाभाविक भएको प्रतिक्रिया दिएका थिए । संविधानमै 'समाजवाद उन्मुख अर्थतन्त्र' उल्लेख भएकाले लगानीकर्ताहरू सशंकित हुनु स्वाभाविक पनि हो । सामाजिक न्यायसहितको उदार अर्थव्यवस्थाले निजी क्षेत्रलाई काम गर्न दिने र त्यसबाट प्राप्त हुने राजस्व वितरण गरी पछाडि परेका वा पारिएका समुदायलाई अगाडि बढाउने नीतिगत व्यवस्था जनाउँछ । तर, नेपालको अभ्यास हेर्दा दुवै मर्मअनुरूप काम हुन सकेन । निजी क्षेत्रलाई काम गर्न दिने नभई वितरणमा रमाउँदै गयौं । निजी क्षेत्र बिस्तारै संकुचित हुँदै गयो भने वितरणका कारण सरकारको दायित्व बढ्न थाल्यो । त्यसपछि सरकारले राजस्व कार्यालयहरूलाई लक्ष्य तोकेरै कर उठाउन दबाब दिने नीति लियो । अर्थमन्त्री र अर्थ मन्त्रालयका अन्य उच्च अधिकारीको सफलता बढी राजस्व असुलीसँग जोडियो । यसलाई गति दिने काम डा. बाबुराम भट्टराई अर्थमन्त्री र हालका अर्थमन्त्री रामेश्वर खनाल अर्थसचिव हुँदादेखि बढी भयो । रेमिट्यान्सले बढाएको आयातबाट आउने भन्सार राजस्वले सरकारलाई भरथेग गरी नै रह्यो । खर्च गर्ने क्षमता नभएपछि सरकारसँग पैसाको कमी पनि भएन । २०७२ पछिको नयाँ संरचनामा आय-व्यय व्यवस्थापन हुन नसकेकै समयमा फैलिएको कोभिड महामारीपछि भने अर्थ मन्त्रालयको जग हल्लियो, खर्च बढ्यो । कोभिडका कारण राजस्व घट्दै गयो र त्यसपछि पनि अपेक्षाकृत रूपमा बढ्न सकेन । मूलतः नीतिगत अस्पष्टता, अस्थिरता र कर्मचारीतन्त्रका कारण लगानी निरुत्साहित भइरह्यो । त्यसपछि २३ र २४ भदौको आन्दोलन भयो । अहिले नेपालको निजी क्षेत्रको मनोबल न्यून अवस्थामा छ । मूलतः नीतिगत अस्थिरता र सरकारी संयन्त्रमा सुशासनको कमीका कारण कोभिडलगत्तैदेखि लगानी गर्न नचाहिरहेको निजी क्षेत्र पछिल्लो समय हात बाँधेर बसेजस्तो देखिन्छ । बैंकिङ क्षेत्रमा तत्काल लगानी गर्न सकिने रकम १२ खर्ब हाराहारी पुगेको छ । औसत ब्याज ८ प्रतिशतभन्दा तल झर्दा पनि ऋण लिएर लगानी गर्न निजी क्षेत्र तयार छैन । नेपाल राष्ट्र बैंकको अध्ययनअनुसार, उद्योगहरू जम्मा ४४ प्रतिशत क्षमतामा चलिरहेका छन् । पुससम्मको राजस्व लक्ष्यको ८१ प्रतिशत हाराहारी संकलन भएको छ । यति हुँदाहुँदै पनि अर्थतन्त्रमा सामान्य सुधार हुने संकेत छन् । वैदेशिक लगानीकर्ताहरूको रुचि अझै कायमै रहेको कुरा उद्योग विभागमा मंसिरसम्म दर्ता भएका उद्योगहरूले देखाउँछ । आयात र निर्यात दुवै बढेको छ । रेमिट्यान्स बढिरहेको छ । विदेशी विनिमय सञ्चिति १८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ । तर, अहिले पर्याप्त हस्तक्षेप गरी अर्थतन्त्रलाई सही बाटोमा नल्याउने हो भने सञ्चिति सकिन र ब्याजदर बढ्न समय लाग्ने छैन । अर्थतन्त्रलाई दूरगामी फाइदा नहुने

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिका-युरोप सम्बन्ध बलियो र नजिक छ : बेसेन्ट




***काठमाडौं, ०६ माघ ।***

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले मंगलबार युरोपसँग अमेरिकाको सम्बन्ध बलियो रहेको उल्लेख गरेका छन् । साथै उनले व्यापारिक साझेदारहरूलाई 'गहिरो सास लिन' र ग्रिनल्यान्डमा ट्रम्प प्रशासनको नयाँ कर धम्कीहरूद्वारा उत्पन्न तनावलाई 'बाहिर निस्कन' आग्रह गरेका छन् । स्विट्जरल्यान्डको डाभोसमा विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा बोल्दै बेसेन्टले भने, 'मलाई लाग्छ हाम्रो सम्बन्ध कहिल्यै यति नजिक भएको थिएन ।' ग्रिनल्यान्डमा अमेरिकाको पहुँच सुनिश्चित गर्न सकियोस् भन्ने उद्देश्यले शनिबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेब्रुअरीदेखि आठ युरोपेली देशका सामानमा १० प्रतिशत आयात कर लगाउने घोषणा गरेका थिए । ट्रम्पले चीन र रूसबाट सम्भावित खतरालाई औचित्य बनाएर यो क्षेत्र आवश्यक रहेको दाबी गरेका छन् । यसले युरोपमा आक्रोश फैलाएको छ र नेताहरूले प्रतिशोधमा शुल्क र युरोपेली सङ्घ (इयु) को विरोधी उपायहरू लागू गर्ने बारे सोचिरहेका छन् । अमेरिकाले इयुलाई दबाब दिन तीन आर्थिक उपाय प्रयोग गर्न सक्छ: नयाँ कर, व्यापार सम्झौता रोक्नु र ब्लकको जबरजस्ती विरोधी उपकरण 'ट्रेड बाजुका' ।

बेसेन्टका अनुसार, यस हप्ताको डाभोस बैठकमा ट्रम्पसँगको छलफलले विभिन्न दलहरूको विचार र दृष्टिकोणलाई समेट्नेछ । ट्रम्पले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनलाई पनि व्यक्तिगत सन्देश पठाएका थिए, जसमा म्याक्रोनले पेरिसमा सात औद्योगिक प्रजातन्त्रको समूहको बैठकको सुझाव दिए । हालै हजारौं ग्रिनल्यान्डवासीहरूले आफ्नो टापु कब्जा गर्ने कुनै पनि प्रयासको विरोधमा मार्च गरेका थिए ।

ग्रिनल्याण्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले फेसबुक पोस्टमार्फत करको खतराले आफ्नो अडान परिवर्तन नगर्ने स्पष्ट पारे । ट्रम्पले आयात करहरू प्रतीकात्मक रूपमा तैनाथ गरिएको सैन्य बलको विकल्पको रूपमा प्रयोग गर्न सक्ने संकेत पनि दिए, तर डेनमार्कसँग वार्ता गर्न लाभका रूपमा करको प्रयोग भइरहेको स्वीकार गरे ।

## टापु सम्झौतामा बेलायतको निर्णयलाई "ठूलो मूर्खता" भन्दै ट्रम्पको आलोचना



***काठमाडौं, ०६ माघ ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार हिन्द महासागरमा रहेको चागोस टापुहरू मौरिटियसलाई हस्तान्तरण गर्ने सम्झौताका लागि बेलायतलाई 'ठूलो मूर्खता' गरेको आरोप लगाएका छन् । 'बेलायतले अत्यन्त महत्त्वपूर्ण भूभाग हस्तान्तरण गर्नु ठूलो मूर्खतापूर्ण कार्य हो र यो ग्रिनल्यान्ड अधिग्रहणको राष्ट्रिय सुरक्षासँग सम्बन्धित रणनीतिमा अर्को चुनौती हो', ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा उल्लेख गरेका छन् । यी टिप्पणीहरूले ट्रम्पका विचारमा ठूलो परिवर्तन देखाउँछन्, किनभने उनले पहिले सम्झौताको समर्थन गरेका थिए ।

सम्झौताअनुसार बेलायतले द्वीपसमूह मौरिटियसलाई फिर्ता गर्नेछ र सबैभन्दा ठूलो टापु डिएगो गार्सियामा रहेको प्रमुख अमेरिकी-युके सैन्य आधारलाई भाडामा दिनेछ । सन् १९६० मा मौरिटियसले स्वतन्त्रता प्राप्त गरेपछि बेलायतले चागोस टापुहरूको नियन्त्रण राख्दै आएको थियो ।

## चीनको घट्दो जन्मदरको चुनौती




***काठमाडौं, ०६ माघ ।***

प्राचीन कालदेखि आजसम्म ठूलो जनसङ्ख्या चीनका लागि राष्ट्रिय शक्ति प्रदर्शन गर्ने प्रमुख आधार मानिँदै आएको छ । तर यति ठूलो जनसङ्ख्याको व्यवस्थापन सधैँ चिन्ताको विषय रहँदै आएको छ । 'चीनको जनसङ्ख्या ६० करोड छ र यो तथ्य हामीले कहिल्यै बिर्सनु हुँदैन', अध्यक्ष माओत्सेतुङले सन् १९५७ मा विनाशकारी अनिकाल सुरु हुनुअघि भनेका थिए । तर आज चीनको जनसङ्ख्या क्रमशः घट्दै गएको छ, र यही अवस्था नयाँ समस्याको रूपमा उभिएको छ । सोमबार सार्वजनिक गरिएको तथ्यांकअनुसार चीनको जन्मदर सन् १९४९ मा जन गणतन्त्र स्थापना भएयताकै सबैभन्दा न्यून स्तरमा पुगेको छ । हाल चीनको कुल जनसङ्ख्या करिब एक अर्ब ४० करोड ४० लाख रहेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब ३० लाख कम हो । विश्लेषकहरूका अनुसार, जनसङ्ख्या व्यवस्थापन चीनका लागि सहस्राब्दी लामो चुनौती रहँदै आएको छ । देशको शक्ति बढाउने र विशाल स्रोतमा निर्भर जनतालाई सन्तुलनमा राख्ने जिम्मेवारी केन्द्र सरकारका लागि अझै जटिल बनेको छ । नीति परिवर्तन, पुस्तागत सोचको फेरबदल र आधुनिक जीवनशैलीका कारण पर्याप्त युवा जनसङ्ख्या तयार नहुने चिन्ता अधिकारीहरूमा बढ्दो छ । सन् १९८० को दशकमा औपचारिक रूपमा लागू गरिएको एक सन्तान नीतिको प्रभाव आज पनि स्पष्ट देखिन्छ । बढ्दो जनसङ्ख्या नियन्त्रण गर्न लागू गरिएको उक्त नीतिले धेरै वर्षसम्म चिनियाँ दम्पतीहरूलाई एक मात्र सन्तानमा सीमित गऱ्यो । यसले तत्कालीन आर्थिक दबाब घटाए पनि दीर्घकालमा वृद्ध जनसङ्ख्या बढ्ने, लिङ्ग असन्तुलन सिर्जना हुने र सामाजिक समस्या थपिने जस्ता अनपेक्षित परिणाम निम्त्यायो । समयक्रममा चीन 'धनी हुनुअघि नै बूढो हुँदै जाने' अवस्थातर्फ उन्मुख भएको सरकारी सञ्चारमाध्यमहरूले समेत स्वीकार गरेका छन् । सन् २०१६ मा ब्रुकिङ्स इन्स्टिच्युसनले एक सन्तान नीतिलाई गलत सार्वजनिक नीतिको महँगो पाठका रूपमा व्याख्या गर्दै यसले सामाजिक र आर्थिक समस्यालाई अझ गहिरो बनाएको उल्लेख गरेको थियो । एक सन्तान नीति क्रमशः खारेज भएसँगै राष्ट्रपति सी जिनपिङले जनसङ्ख्यालाई पुनः राष्ट्रिय शक्तिसँग जोडेर व्याख्या गर्न थालेका छन् । उनले 'एक खर्ब ४० करोड चिनियाँ जनताले बनाएको स्टिलको पर्खाल' भन्ने अभिव्यक्ति प्रयोग गर्दै ठूलो जनसङ्ख्यालाई देशको सामर्थ्यको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । भारतले सन् २०२३ मा जनसङ्ख्यामा चीनलाई उछिनेपछि यो विषय चीनका लागि अन्तर्राष्ट्रिय प्रतिष्ठासँग समेत जोडिएको छ । यही कारण जन्मदर बढाउन चीनले विभिन्न प्रोत्साहनका उपायहरू अघि सारेको छ । बाल स्याहार केन्द्र, परिवार नियोजन सामग्री र विवाहसम्बन्धी सेवामा कर छुटदेखि लिएर बच्चा जन्माउने र हुर्काउने खर्च घटाउने नीति अपनाइँदैछ ।

### राजनीति सेवा...........

चुनावमा केही नयाँ अनुहारले जित हासिल गर्दा आशाका मसिना किरण देखिएका थिए, अब केही फरक हुन्छ कि भन्ने विश्वास पलाएको थियो तर आज तिनैमध्ये दुई-चार जना पद र कुर्सीका लागि मरिमेटी गरेको देख्दा 'जुन जोगी आए पनि कानै चिरिएको' भन्ने उखान यथार्थ बनेर उभिन्छ । जो नेता आए पनि समाजको सतहमा प्रश्न उही छ- कहिलेसम्म हाम्रा युवा परिवारको दुई छाक टार्न ४० डिग्रीको अरबको घाममा तड्पिइरहने ? नेताहरूमाथि दोष थोपरिरहँदा आफैंलाई पनि प्रश्न गर्न मन लाग्छ- मतदानका बेला हामी किन विवेक पुऱ्याउन सक्दैनौं ? हाम्रो गलत निर्णय दोहोऱ्याउने बानी कहिले टुट्छ ? जबसम्म जनताले आत्मसम्मान, भोक र विवेकबीच सही छनोट गर्न सिक्दैनन्, तबसम्म दोष केवल नेतामै थुपारेर हामी निर्दोष बन्न सक्दैनौं । किनभने गलत व्यवस्थाको निरन्तरता हामीले दिएको गलत समर्थनकै परिणाम हो । पार्टीको झन्डामा हामीलाई जति गर्व छ, त्योभन्दा बढी देशको झन्डामा गर्व गर्ने हो भने आज देशमा एकता र फरक समृद्धि देखिने थियो । आजको सानो फाइदाका लागि भोलिको सपना साट्नु भयानक घाटा हो । हामी कुनै दलको झन्डामुनि होइन, आफ्नै सोच र श्रममाथि उभिनु जरुरी छ ।साभार ईकान्तिपुर ।

### निजी क्षेत्र लक्षित..........

क्षेत्रमा लगानी प्रवाह पनि हुन सक्छ । फेरि हामी सुधारका नाममा अल्पकालीन र अप्रिय निर्णय गर्दै निजी क्षेत्र जिम्मेवार नभएको भाष्य स्थापित गर्नतर्फ लाग्नेछौं । पछिल्ला २० वर्षमा यही भइरहेको छ । नयाँ चरणको सुधारको आवश्यकता पछिल्लो आन्दोलनअघि पनि भएकै हो । त्यसैका लागि 'आर्थिक सुधार सुझाव आयोग' पनि बनेको थियो । उक्त आयोगले पनि केही सुधारका विषय सुझाएको छ । तर, परिवर्तित परिस्थिति र नयाँ दलहरूको उदय हुने सम्भावनाको संघारमा ती दलको आर्थिक नीति के हुने भन्ने आम चासोको विषय हुनुपर्ने हो । परिवर्तित परिस्थितिमा जसरी नयाँ पार्टी र नेताहरूको जन्म भइरहेको छ, त्यसैगरी अर्थतन्त्र चलाउने नयाँ विचार र बहस भने हुने गरेको छैन । युवा पुस्ता (जेन-जी) को माग सम्बोधन गर्न पनि यो आवश्यक छ । किनभने युवाहरू (जेन-जी) को आन्दोलन सम्मानित भई पेसा-व्यवसाय गर्न पाउने सुनिश्चितता, स्वदेशमै मर्यादित रोजगारी र स्वरोजगारी पनि हो । तर, यसका लागि दलहरूले पनि आफ्नो योजना सार्वजनिक गर्नुपर्छ । रास्वपा र बालेन्द्र शाहबीचको सोही सहमतिमा 'दस वर्षमा मध्यम आय भएको मुलुक बनाउने' विषय त छ तर कसरी भन्ने विषय सायद छिट्टै सार्वजनिक होला । गगन थापाले पनि अर्थतन्त्रको विषयमा आफ्नो नीति सार्वजनिक गर्ने नै छन् । अन्य दलहरूले पनि विभिन्न नारा दिएर र मिति तोकेर भाषण, मन्तव्य वा सहमतिमा यस्ता विषय उठाएकै हुन् । उदाहरणका लागि नेपाली कांग्रेस र एमालेबीच पछिल्लो समय सरकार बनाउन भएको सातबुँदे सहमतिको तीन नम्बर बुँदामा व्यावसायिक वातावरण बनाउनेदेखि बाह्य लगानी भित्र्याउन वातावरण बनाउनेसम्मका विषय उल्लेख थिए । के समस्या छ ? के गर्ने र कसरी गर्ने ? यी मूल विषयको उत्तर नभईकन अझै विश्वस्त हुन नसकिएला । दलहरूका लागि मत लिन पनि यो आवश्यक पर्ने नै छ । मतदाताहरूले पनि आफ्नो भविष्यसँग जोडिएको विषयमा अब भने गम्भीर हुनुपर्ने देखिन्छ । हामीले निर्वाचित गरेका सांसदहरूले हामीमाथि कर लगाउने अधिकार राख्छन् ।साभार ईकान्तिपुर ।

### रास्वपाले पर्सा............

का केन्द्रीय सदस्य रहेका शाक्य केही साता अघि मात्रै माओवादी केन्द्र परित्याग गरी रास्वपामा प्रवेश गरेका थिए । उनी यसअघि पनि पर्सा-४ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बन्न इच्छुक थिए । तर, गठबन्धनका कारण अन्तिम समयमा टिकट नपाएपछि उनी पछि परेका थिए । यसबीच रास्वपाको टिकट वितरण प्रक्रियाप्रति असन्तुष्टि पनि देखिन थालेको छ । महिला, दलित, मुस्लिमलगायत उत्पीडित तथा पिछडिएका समुदायका प्रतिनिधिलाई प्राथमिकता नदिइएको भन्दै आलोचना भइरहेको छ । अधिकारकर्मीहरूले आफूलाई वैकल्पिक र परिवर्तनकारी शक्ति बताउने पार्टीले पनि टिकट वितरणमा पहुँच र आर्थिक हैसियत भएका व्यक्तिलाई प्राथमिकतामा राखेको आरोप लगाएका छन् ।यद्यपि, पार्टी नेतृत्वले भने उम्मेदवार छनोट गर्दा जित्ने सम्भावना, संगठनात्मक क्षमता र अनुभवलाई मुख्य मापदण्ड बनाइएको स्पष्ट पारेको छ ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

# स्वास्थ्य

## गर्भनिरोधक औषधि खाँदा शरीरमा के हुन्छ ?



डा. मीना प्रधान
प्रसूति तथा स्त्री रोग विशेषज्ञ

पछिल्लो समयका दम्पतीमा गर्भावस्था र परिवार नियोजन सम्बन्धी प्राथमिकताहरू परिवर्तन भइरहेका छन् । करियर र पारिवारिक जिम्मेवारीबीच सन्तुलन राख्न सन्तुलन सन्तान जन्माउने कुरामा पूर्वयोजना बनाउने गर्छन् । यसका लागि विभिन्न गर्भनिरोधक विधिहरू प्रयोग गरिरहेका हुन्छन् । महिलाहरूमा गर्भनिरोधक चक्कीको प्रयोग पनि यस्तै एक लोकप्रिय विधि हो । यद्यपि, गर्भनिरोधक चक्कीबारे विभिन्न भ्रमहरू छन् । यी चक्कीको सेवनबाट हुने साइड इफेक्ट्सबारे धेरै कुरा सुनिन्छ । गर्भनिरोधक औषधिहरूको प्रयोगले कुनै ठूलो साइड इफेक्ट नहुने भए पनि ईस्ट्रोजेन र प्रोजेस्टेरोन दुवै भएको गर्भ निरोधक चक्की वा प्रोजेस्टेरोन मात्र भएको गर्भनिरोधकले महिलाहरूको शरीरमा केही प्रभाव पार्छ । प्रोजेस्टेरोन भएको औषधि प्रयोग गर्ने महिलाहरूलाई वाकवाकी लाग्ने, टाउको दुख्ने, महिनावारी अनियमित हुने र रिँगटा लाग्ने जस्ता समस्याहरू हुन सक्छन् । डिम्बाशयबाट डिम्ब निस्कनु एक प्राकृतिक प्रक्रिया हो । प्रत्येक स्वस्थ महिलालाई हरेक महिना यो प्रक्रियाबाट गुज्रनुपर्छ । यो गर्भधारणको दृष्टिकोणले महत्त्वपूर्ण हुन्छ । डिम्ब निस्कन रोक्नका लागि जब गर्भनिरोधक चक्कीहरूको सेवन गरिन्छ, तब शरीरमा हार्मोनहरूको स्तरमा असन्तुलन बढ्छ ।

**हार्मोन असन्तुलनले के हुन्छ ?**

गर्भनिरोधक चक्कीहरूको सेवनपछि शरीरमा इस्ट्रोजेन र प्रोजेस्टेरोन हर्मोनहरूको स्तर सामान्यभन्दा बढी हुन्छ । यसको कारणले डिम्ब निस्कने प्रक्रिया हुँदैन । यसकारण गर्भधारणको सम्भावना कम हुन्छ र महिला गर्भवती हुन सक्दिनन् । गर्भनिरोधक चक्कीहरूको सेवनपछि महिलाको शरीरमा फोलिकल स्टिमुलेटिङ हर्मोन र ल्यूटिनाइजिङ हर्मोनको स्तर पनि कम हुन्छ, जसले गर्दा डिम्बको निषेचन (फर्टिलाइजेशन) मा समस्या उत्पन्न हुन्छ ।

**गर्भनिरोधक चक्कीहरूले पाठेघरलाई कस्तो हानि गर्छ ?**

गर्भनिरोधक चक्कीहरूको सेवनले महिलाको पाठेघरको भित्री पर्खालहरू सामान्यभन्दा पातलो हुन्छन् । यसको कारणले यदि डिम्बको निषेचन भए पनि पाठेघरले भ्रूणलाई आत्मसात गर्न उपयुक्त वातावरण प्रदान गर्न सक्दैन र भ्रूणको विकास हुन सक्दैन । गर्भनिरोधक चक्कीहरूको सेवनपछि पाठेघरको प्रवेशद्वारमा यस्तो संरचना बन्छ, जसले शुक्रकीटलाई डिम्बसम्म पुग्न दिँदैन, फलस्वरूप महिला गर्भवती हुन सक्दिनन् ।

**पाचन प्रणालीमा हुन सक्ने हानि**

गर्भनिरोधक चक्कीहरूको सेवनले महिलाको पाचन प्रणालीमा नकारात्मक असर पर्न सक्छ । यसको कारणले केही दिनपछि महिलाहरूलाई वाकवाकी लाग्ने वा बान्ता हुने जस्ता समस्या हुन सक्छन् ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# पूर्वमुख्यमन्त्री सिंहले सप्तरी-२ बाट स्वाभिमान पार्टीमा उम्मेदवारी दर्ता

**जनकपुर, ०६ माघ ।**

पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् । नेतारकार्यकर्ताको जुलुससहित सिंह राजविराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए । सिंहले केही दिनअघि जनमत पार्टी र प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएपछि आफ्नै भाइ सत्यवान सिंह संयोजक रहेका स्वाभिमान पार्टीबाट उम्मेदवारी दिएका हुन् । उनका प्रस्तावक र ामकुमार राय र समर्थक रविनकुमार सिंह रहेका छन् । सिंह यसअघि २०७९ सालको निर्वाचनमा जनमत पार्टीबाटै सप्तरी-२ प्रदेशसभा




सदस्यका रूपमा निर्वाचित भएका थिए । सो निर्वाचनमा उनले १६,४३४ मत प्राप्त गरेका थिए । सप्तरी-२ क्षेत्रमा हाल ५६,४०० पुरुष, ४९,५२० महिला र २ अन्य गरी कुल १,०५,९२२ मतदाता रहेका छन् । निर्वाचन आयोगका अनुसार यी मतदाताबीच सिंहले आफ्नो चुनावी अभियानमा विशेष ध्यान दिने तयारी गरेका छन् ।

# रवि लामिछानेविरुद्ध पर्सामा सहकारी ठगी मुद्दा, १ करोड धरौटी तोकियो



**बीरगन्ज, ०६ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहित २९ जनाविरुद्ध बीरगन्जस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्थासँग सम्बन्धित रकम अपचलनको आरोपमा ठगी र संगठित अपराध मुद्दा दायर गरिएको छ । सोही मुद्दामा आज पर्सा जिल्ला अदालतमा थुनछेक बहस भएको थियो । न्यायाधीश रुद्र सुवेदीको एकल इजलासले लामिछानेसँग १ करोड रुपैयाँ धरौटी तोकेको छ । लामिछानेले आजै अदालतमा बयान पनि दिएका थिए । मुद्धामा कुल ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो मागदाबी गरिएको छ । अदालतको यो निर्णयपछि लामिछानेमाथि जारी अनुसन्धान प्रक्रिया र कानुनी प्रक्रिया अझै सक्रिय रहने देखिन्छ ।

# "मधेश, पहाड, हिमाल भन्दा माथि उठेर एकजुट हुनुपर्छ" : रास्वपाका लामिछाने



**जनकपुर,०६ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति र वि लामिछानेले देशका विभिन्न भूभाग-मधेश, पहाड र हिमाल भनेर विभाजन नगरी एकजुट भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ । सोमबार जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजित रास्वपाको 'परिवर्तनको उद्घोष सभा' कार्यक्रममा सभापति लामिछानेले यस्तो अभिव्यक्ति दिनुभएको हो । कार्यक्रममा रास्वपाका वरिष्ठ नेता तथा काठमाडौं महानगरपालिकाका निवर्तमान प्रमुख बालेन्द्र शाहले महानगर प्रमुखको भूमिकामा र हँदा मधेश र मधेशवासीका लागि अपेक्षित काम गर्न नसकेकोमा दुःख व्यक्त गर्नुभयो । उहाँले केन्द्रका अधिकार विकेन्द्रिकृत गरी प्रदेशलाई सशक्त बनाउन र सबै जातजातिको सम्मान सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । रास्वपाका उपसभापति डिपी अर्यालले मधेशले अझै र ाम्रो नेतृत्व नपाएको कारण क्षेत्रको विकास कमजोर भएको धारणा व्यक्त गर्नुभयो भने उपसभापति डा. स्वर्णिम वाग्लेले सङ्घीयताप्रति पार्टीको प्रतिबद्धता अटुट रहेको भन्दै सुशासन र शासन प्रणाली सुधार आवश्यक रहेको बताउनुभयो ।

यस्तै रास्वपाकी नेतृ सोबिता गौतमले देशको समग्र विकासमा मधेश अग्रपङ्क्तिमा हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा थारू समाजका अभियन्ता सुरेन्द्र चौधरीले टीकापुर, दाङ र जनकपुरधामलाई जोड्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो । सभा मार्फत रास्वपाले सामाजिक समानता, सुशासन र क्षेत्रीय विकासलाई आफ्नो मुख्य एजेन्डा बनाएको सन्देश दिएको छ ।

# वीरगन्ज नाकाबाट "जी टु जी" युरिया मल भित्रिन सुरु

**बीरगन्ज, ०६ माघ ।**

नेपाल सरकारले भारत सरकारसँग 'जी टु जी' प्रक्रियाबाट खरिद गरेको युरिया मल वीरगन्ज नाकाबाट भित्रिन सुरु भएको छ । कृषि सामग्री कम्पनी मधेश प्रादेशिक कार्यालय वीरगन्जका प्रमुख दुर्गा प्रसाद पाण्डेका अनुसार पुसको अन्तिम साता यो कन्साइनमेन्ट युरिया मल बोकेको पहिलो रेलवे र्‍याक वीरगन्ज नाकामा आइपुगेको छ । एक रेलवे र्‍याकले सामान्यतया २ हजार ५ सय टन मल बोक्छ ।



भारत सरकारले उक्त मल तेस्रो मुलुकबाट खरिद गरी नेपाललाई दिएको हो । यो कन्साइनमेन्टअन्तर्गत कुल ३० हजार टन युरिया मल भित्रिनेछ । कम्पनीका भैरहवा र विराटनगर प्रादेशिक कार्यालयले पनि यसै कन्साइनमेन्टबाट युरिया मल पाउनेछन् । एक महिना यतामात्रै कम्पनीले ग्लोबल टेन्डरबाट खरिद गरेको २५ हजार टन डीएपी मल र ३० हजार टन युरिया मल पनि नेपाल भित्रिसकेको पाण्डेले बताए । डीएपी मलको आपूर्ति आदित्य बिरला कम्पनी र युरिया मलको आपूर्ति भारतको आइपीएल कम्पनीले गरेको हो । दुवै कन्साइनमेन्टको मलको कोटा लागेर वितरणसमेत भइरहेको उनले बताए । कम्पनीले ग्लोबल टेन्डरबाट भित्र्याउन लागेको पोटास मल तेस्रो मुलुकबाट भारतको विशाखापटनम् बन्दरगाहसम्म आइपुगेको उनले बताए । भारतको किसान ट्रेडर्स आपूर्तिकर्ता रहेको यो कन्साइनमेन्टअन्तर्गत १७ हजार ५ सय टन पोटास भित्रिने उनले बताए । यस बाहेक ३० हजार टन युरिया मल आपूर्तिको ठेक्का पाएको किसान ट्रेडर्सले नै तेस्रो मुलुकबाट खरिद गरी ल्याएको युरिया मल हाल कोलकाता बन्दरगाह आइपुगेको र सन इन्टरनेशनल कम्पनी आपूर्तिकर्ता रहेको ३० हजार टन युरिया मलको कन्साइनमेन्ट पनि कोलकाता बन्दरगाह पुगिसकेकाले यी दुवै कन्साइनमेन्टको युरिया मल पनि आउँदो एक महिनाभित्र भित्रिसक्ने सम्भावना रहेको पाण्डेले जानकारी दिएका छन् । चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्ममा मात्र कम्पनीको वीरगन्ज प्रादेशिक कार्यालयमा ६५ हजार ५ सय ५३ टन युरिया मल भित्रिएर ५० हजार ९ सय ३२ टन युरिया मातहतका मधेश, बागमती र गण्डकी प्रदेशका १५ जिल्लामा परिचालन भइसकेको उनले बताए । यसै अवधिमा कार्यालयले ३८ हजार ३ सय ३३ टन डीएपी मल भित्र्याएकोमा ३३ हजार ८ सय ७ टन डीएपी मल मातहतका कार्यालयहरूमा परिचालन भइसकेको उनले बताए ।

हाल कार्यालयसँग वीरगन्जका विभिन्न गोदामहरूमा गरी १२ हजार ६ सय टन युरिया र ८ हजार १ सय ६२ टन डीएपी मल मौज्दात रहेको उनले बताए । यस बाहेक ३ सय ७१ टन पोटास पनि मौज्दात रहेको पाण्डेले बताए ।

# प्रतिनिधिसभा निर्वाचनका लागि भारतबाट ५३८ सवारी साधन सहयोग

**काठमाडौं,०६ माघ ।**

भारत सरकारले नेपालको प्रतिनिधिसभा निर्वाचन व्यवस्थापनका लागि ५३८ वटा सवारी साधन अनुदानस्वरूप उपलब्ध गराएको छ । यसका साथै सुरक्षा निकायका लागि गैरघातक किसिमका भिड नियन्त्रण सामग्रीसमेत सहयोग गरिएको छ । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार भारतबाट प्राप्त सवारी साधनमध्ये पहिलो चरणमा करिब १०० वटा सवारी साधन काठमाडौं आइपुगेका छन् भने बाँकी सवारी साधनहरू क्रमशः नेपाल भित्रिने क्रममा छन् । सहयोगस्वरूप प्राप्त सवारी साधनहरूमा जिप र ट्रकलगायत विभिन्न प्रकारका सवारी साधन रहेका छन् । काठमाडौं आइपुगेका सवारी साधनहरू मंगलबार नेपालस्थित भारतीय र ाजदूतावासले गृहमन्त्री ओमप्रकाश अर्याललाई औपचारिक रूपमा हस्तान्तरण गरेको प्रवक्ता काफ्लेले




जानकारी दिए । गृह मन्त्रालयका अनुसार यी सवारी साधन र सामग्री निर्वाचन अवधिमा सुरक्षा व्यवस्थापन, मतदान सामग्री ढुवानी तथा निर्वाचन सम्बन्धी कार्यलाई सहज बनाउन प्रयोग गरिनेछ ।

# महावीर पुन म्याग्दीबाट स्वतन्त्र उम्मेदवार

**काठमाडौं,०६ माघ ।**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पदबाट हालै र ाजीनामा दिनु भएका डा. महावीर पुनले म्याग्दीबाट प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराउनु भएको छ । मंगलबार उहाँले बेनीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोनयनपत्र दर्ता गराउनु भएको हो । डा. पुन म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका-८, नाङ्गीका स्थायी बासिन्दा हुनुहुन्छ । उहाँले कुनै दलको होइन, स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचनमा सहभागिता जनाउनु भएको छ ।

# रास्वपाले पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रमा उम्मेदवार टुङ्गो लगायो

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०६ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रमा उम्मेदवार टुङ्गो लगाएको छ । पार्टीले संगठनात्मक क्षमता, अनुभव र राजनीतिक पृष्ठभूमिलाई आधार मानेर चारवटै क्षेत्रमा फरक-फरक पृष्ठभूमिका उम्मेदवार अघि सारेको हो ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा रास्वपाले जिल्ला सभापति बुद्धिप्रसाद (हरि) पन्तलाई उम्मेदवार बनाएको छ । पार्टी स्थापनाकालदेखि सक्रिय रहेका पन्त संगठन विस्तार तथा प्रचार-प्रसारमा महत्वपूर्ण भूमिका खेल्दै आएका नेता हुन् । जिल्लामा पार्टीलाई स्थापित गर्न पुर्‍याएको योगदानको कदर गर्दै नेतृत्वले उनलाई टिकट दिएको जनाएको छ । यसैगरी, पर्सा निर्वाचन क्षेत्र नम्बर २ मा वीरगञ्ज महानगरपालिका-१० का वडाध्यक्ष सुशील कुमार कानुले रास्वपाको टिकट पाएका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपाल परित्याग गरी रास्वपामा आबद्ध भएका कानु युवामाझ लोकप्रिय मानिन्छन् ।

यसअघि वीरगञ्ज महानगरपालिकाको कार्यपालिका सदस्यसमेत रहेका उनले स्थानीय तहमा विकास निर्माण र नीति निर्माणको क्षेत्रमा अनुभव हासिल गरेका छन् । सोही अनुभवलाई राष्ट्रिय राजनीतिमा उपयोग गर्ने अपेक्षासहित पार्टीले उनलाई उम्मेदवार बनाएको बताइएको छ । पर्सा निर्वाचन क्षेत्र नम्बर ३ मा निर्माण व्यवसायी रामाकान्त चौरसियालाई उम्मेदवार बनाइएको छ । निर्माण व्यवसायी संघ पर्साका अध्यक्षसमेत रहेका चौरसिया यसअघि नेपाली कांग्रेस निकट थिए ।

हालसम्म सक्रिय राजनीतिक भूमिकामा नदेखिएका चौरसियालाई अचानक टिकट दिइएपछि राजनीतिक वृत्तमा चर्चा र चासो बढेको छ । रास्वपाको यो निर्णयलाई लिएर पार्टीभित्र र बाहिर विभिन्न कोणबाट बहस सुरु भएको छ । त्यस्तै, पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा टेकबहादुर शाक्यलाई उम्मेदवार बनाइएको छ । तत्कालीन नेकपा (माओवादी केन्द्र)

बाँकी तेश्रो पृष्ठमा⇨

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा